**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १२ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय मंत्रिमंडलले जनगणना 2027 को लागि 11 हजार सात सय 18 करोड़ रुपियाँको बजेटलाई स्वीकृति दिईएको छ।
- राज्यमा आगामी वर्ष 2026 मा हुने विधानसभा चुनाउको तयारीबीच निर्वाचन आयोगले जिल्लाधिकारी तथा जिल्ला निर्वाचन अधिकारीहरूलाई नयाँ निर्देश दिएको छ।
- कांग्रेसका वरिष्ठ नेता तथा पूर्व केन्द्रीय गृहमन्त्री शिवराज पाटिलको आज लातूरमा निधन भएको छ ।
- पश्चिम बंगालमा एसआईआर अन्तर्गत फारम र डाटाको डिजिटलीकरण लगभग पूरा भएको छ।
- दार्जीलिङ क्षेत्रमा पर्यटकीय व्यवसायसँग सम्बन्धित विषयहरुलाई लिएर आज संयुक्त चालक संगठनका प्रतिनिधिहरू र जीटीए अधिकारीहरू बीच महत्वपूर्ण बैठक सम्पन्न गरियो।

**मंत्रिमंडल-जनगणना**

केन्द्रीय मंत्रिमंडलले जनगणना 2027 को लागि 11 हजार सात सय 18 करोड़ रुपियाँको बजेटलाई स्वीकृति मंजूरी दिईएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा संवाददाताहरुसित भन्नुभयो जनगणना 2027 दुई चरणमा गरिने छ। यो देशको 16 औं र स्वतन्त्रता पछिको आठौं जनगणना हुनेछ। श्री वैष्णवले भारतको जनगणना विश्वको सबैभन्दा ठूलो प्रशासनिक र सांख्यिकीय प्रक्रिया भएको बताउनु भयो। यस अन्तर्गत जातीय जनगणना पनि गरिनेछ। श्री वैष्णवले यो पहिलो डिजिटल जनगणना हुने बताउनु भयो।

**निर्वाचन आयोग**

पश्चिम बंगालमा आगामी वर्ष २०२६ मा हुने विधानसभा चुनाउको तयारीबीच निर्वाचन आयोगले जिल्लाधिकारी तथा जिल्ला निर्वाचन अधिकारीहरूलाई नयाँ निर्देश दिएको छ। आयोगले स्पष्ट रूपमा भनेको छ निजी हाउसिंग कम्प्लेक्सहरूमा मतदान केन्द्र बनाउने सिलसिलामा राजनीतिक दलहरूको सल्लाहलाई बेवास्ता गरियोस्। यो निर्देश यस्तो समयमा जारी गरिएको छ जतिबेला विभिन्न राजनीतिक दलहरूले यस मुद्दामा आ-आफ्नै मत राखिरहेका छन्। निर्वाचन आयोगका अधिकारीहरू अनुसार कतिपय दलहरूको मान्यता छ, निजी फ्ल्याट कम्प्लेक्सहरूमा मतदान केन्द्र बनाइयो भने त्यहाँ बसोबास गर्ने मानिसहरूलाई समस्या हुनसक्छ। अर्कोतिर कतिपयको तर्क छ, यस्ता कम्प्लेक्सहरूमा बूथ बनाउनाले वरिष्ठ तथा बिमार मतदाताहरूलाई धेरै सुविधा हुनसक्छ किनभने उनीहरूलाई अन्य मतदान केन्द्रहरूमा जानु पर्दैन। यसै बीच निर्वाचन आयोगले पश्चिम बंगाल, तमिलनाडु, उत्तर प्रदेश र केरल लगायत आठ राज्यहरूमा मतदाता सूचिको विशेष गहन पुनरीक्षणको निगरानी गर्न विशेष पर्यवेक्षक नियुक्त गरेको छ।

**श्रृगंला**

दार्जीलिङका राज्यसभा सांसद हर्षबर्धन श्रृगंलाले राज्य सभामा बोल्दै दार्जीलिङको चिया उद्योगको खस्कदो अवस्था बारे चिन्ता व्यक्त गर्नुभयो। उहाँले दार्जीलिङमा उत्पादित चिया केवल उत्पादन होइन नभएर धरोहर भएको बताउदै चिया उद्योगमा देखिएको चुनौतीहरु संसद सामु राख्नुभयो।

*बाईट*

**जाली पासपोर्ट**

पश्चिम बंगालमा जाली पासपोर्ट बनाउने ठूलो नेटवर्कको भण्डाफोर गर्दै ईडीले कोलकाताको अदालतमा अतिरिक्त चार्जशीट दर्ता गरेको छ। एजेन्सीले आफ्नो बयानमा यस चार्जशीटमा नदिया जिल्लाको चाकदह निवासी छः जना मानिसहरूको

नाम सामेल गरिएको जनाएको छ। आरोप यो छ सम्पूर्ण गिरोहले आयकर रिटर्न दस्तावेजको नाम तथा प्यान नम्बर परिवर्तन गरी जाली पासपोर्ट बनाउँथ्यो।

**शिवराज पाटिल**

कांग्रेसका वरिष्ठ नेता तथा पूर्व केन्द्रीय गृहमन्त्री शिवराज पाटिलको आज लातूरमा निधन भएको छ। उहाँ ९१ वर्षका हुनुहुन्थ्यो। श्री पाटिलले आज बिहान साढे छ बजे आफ्नो निवासमा अन्तिम सास लिनुभयो। आफ्नो लामो राजनीतिक जीवनमा पाटिलले लोकसभाको अध्यक्ष र केन्द्र सरकारमा धेरै महत्त्वपूर्ण विभागहरू सहित धेरै महत्त्वपूर्ण पदहरूमा कार्य गर्नुभयो। यसैबीच राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदी र लोकसभा अध्यक्ष ओम बिरलाले पूर्व केन्द्रीय मन्त्री शिवराज पाटिलको निधनमा शोक व्यक्त गरेका छन्।

**एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत फारम र डाटाको डिजिटलीकरण लगभग पूरा भएको छ। अहिलेसम्म गरिएको जाँचमा कुल ५७ लाख ५० हजार भन्दा अधिक मतदाताहरूलाई विभिन्न श्रेणीहरूमा हटाउनका लागि पहिचान गरिएको छ।

*बाइट*

*उक्त सूचीमा २४ लाख १४ हजार ७५० मृत मतदाता, ११ लाख ५७ हजार ८८९ फेला नपरेका मतदाता, १९ लाख ८९ हजार ११४ स्थानान्तरण, १ लाख ३५ हजार ६२७ नक्कली र ५४ हजार २७ अन्य मतदाता रहेका छन्। एसआईआरको प्रक्रिया नोभेम्बर ४ देखि देशका १२ राज्य र केन्द्र शासित प्रदेशहरूमा चलिरहेको छ। डिसेम्बर ११ सम्म आयोगको वेबसाइटमा सबै फाराम अपलोड गर्नुपर्ने व्यवस्था गरिएको छ । यसपछि केहि राज्यहरुमा डिसेम्बर १६ मा मतदाता नामावलीको मस्यौदा प्रकाशित हुने भएको छ । अन्तिम मतदाता नामावली १४ फेब्रुअरी, २०२६ मा जारी गरिनेछ। पश्चिम बंगालमा मृत, स्थानान्तरण गरिएका र हराएका वा हराएका मतदाताहरूको सूची राजनीतिक दलका बुथ प्रतिनिधिहरूलाई हस्तान्तरण गरिनेछ। आयोगले राज्यका सबै मुख्य निर्वाचन अधिकारीहरूलाई यी सूचीहरू बिएलएहरूसँग साझा गर्न र आयोगको वेबसाइटमा अपलोड गर्न निर्देशन दिएको छ।*

**ममता एसआईआर फारम**

भाजपा नेता अमित मालवीयले आज सोशल मीडिया पोस्टमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीमाथि आरोप लगाउदै उहाँले फेरि एकपटक भ्रामक बयानबाजीको सहारा लिएको कुरा बताउनु भएको छ। श्री मालवीयले भन्नुभयो मुख्यमन्त्रीले अन्तिम दिन विधिवत रूपमा आफ्नो एन्युमरेशन फारम भरेर हस्ताक्षर गरी अनि जमा गरिन् जबकि केही घण्टाअघि मात्र मुख्यमन्त्रीले कृष्णनगरको र्‍यालीमा फारम नभर्ने दाबी गर्नु भएको थियो| भाजपा नेताले दाबी गर्नु भयो कि बंगाालका जनताले यस नाटकमाथि ध्यान दिएनन् र लगभग सय प्रतिशत मतदाताहरूले आफ्नो फारम भरेर जमा गरिसकेका छन्। श्री मालवीयले यस व्यापक सहभागिताको कारणले चुनाउ आयोगलाई राज्यमा SIR प्रक्रियाको समय-सीमालाई बढ़ाउन आवश्यकता नै नपरेको बताउनु भयो |

**भारतीय जनता पार्टी**

भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला संगठनात्मक समितिले आज पाँच जना नयाँ जिल्ला स्तरीय प्रवक्ताहरूको नियुक्ति गरेको घोषणा गरेको छ। यस कदमले पार्टीको जनसम्पर्क, सूचना प्रवाह र संगठनात्मक सुदृढीकरणलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरिएको छ। जिल्ला संगठनात्मक समितिद्वारा जारी सूचना अनुसार डा. नकुल छेत्री, साकल देवान, विनोद मोक्तान, सोंगदेन लेप्चा अनि निरज थापालाई तात्कालिक प्रभावले पार्टीका जिल्ला प्रवक्ताका रूपमा नियुक्त गरिएको छ

**गोर्खा राष्ट्रिय मुक्ति मोर्चा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा खर्साङ ब्राञ्च कमिटी अन्तर्गत चिम्नी देवराली समष्टिको आज खर्साङ ब्राञ्च कमिटी कार्यलयमा साङ्गठनिक सभा सम्पन्न भयो। समष्टिलाई साङ्गठनिक गतिविधि अनि व्यापक बिस्तारको निम्ति समष्टिमा नयाँ प्रतिनिधिबर्ग चयन गरियो जसमा सर्वसम्मतिले समष्टिको अध्यक्ष पदमा साङ्गे रुम्बालाई चयन गरिएको छ।

**साहित्य सुनौ परिवार**

साहित्य सुनौ परिवार मिरिक अनि रिपोर्टर्स क्लब अफ मिरिकको आयोजना अनि साहित्यकार विजय वान्तवा कैलाशीको प्रायोजनामा सम्पन्न हुने चौथो शशिप्रभा स्मृति पुरस्कार २०२५ उपन्यासकार निरङ्कर थापालाई उनको उपन्यास मार्साङ-का लागि प्रदान गरिने भएको छ।

*बाइट*

*साहित्यकार विजय वान्तवा कैलाशी ले आफ्नो स्वर्गीय धर्मपत्नी शशिप्रभा वान्तवाको स्मृतिमा वर्ष २०२२ देखि प्रत्येक वर्ष यो पुरस्कार प्रदान गर्दै आइरका छन्। आज साहित्य सुनौ परिवार अनि रिपोर्टर्स क्लब अफ मिरिकले संयुक्त पत्रकार सम्मेलन आयोजना गर्दै यो घोषणा गरेको हो। आयोजक समितिको पक्षबाट अजम प्रधानले पुरस्कारको घोषणा गर्दै उपन्यासकार निरङ्कर थापालाई आगमी २७ दिसम्बर गिरी जयन्तीको अवसरमा मिरिकमा उक्त पुरस्कार प्रदान गरिने बताउनु भयो। उहाँले पुरस्कारमा नगद राशी पचास हजार रूपियाँ, अङ्गवस्त्र अनि स्मृति चिन्ह प्रदान गरिने बताउनु भयो। उहाँले चौथो शशिप्रभा स्मृति पुरस्कारका लागि भारतभरिका साहित्यकारहरूको ६५ वटा पुस्तकहरू प्राप्त भएको जसमध्ये प्रथम चरणको छनौटमा जुरीहरूले उत्कृष्ट दस पुस्तकहरू छनौट गरेपछि दोस्रो चरणको छनौटमा जुरीहरूको निर्णय अनुसार उपन्यासकार निरङकर थापाको उपन्यास मार्साङलाई पुरस्कारका लागि छनौट गरिएको बताउनु भयो।*

**पथश्री**

ग्रामीण भेगलाई शहरसग जोड्ने तथा ग्रामीण भेगलाई पुर्वधार बिकासको मुलधारमा ल्याउने राज्य सरकारको महत्वाकांक्षी परियोजनामध्ये एक हो पथश्री। जसको माध्यमबाट दुर्गम गाउँहरुमा पक्की सडक निर्माण गरिन्छ। तृणमुल काग्रेसको नेतृत्वमा सरकार आएयता राज्यमा यस पकल्पलाई शुरु गरिएको हो। यसैबीच राज्यको विभिन्न हिस्सा सरह यता जीटीए क्षेत्रमा पनि पथश्री ०४ परियोजना मार्फत ग्रामीण भेगमा बाटोहरु निर्माण कार्य धमाधम शुरु हुदैछन।

**दार्जीलिङ**

दार्जीलिङ क्षेत्रमा पर्यटकीय व्यवसायसँग सम्बन्धित विभिन्न माग–सुझाव समाधानका उद्देश्यले जीटीए प्रमुख कार्यपाल अनित थापाको मार्गनिर्देशनमा आज संयुक्त चालक संगठनका प्रतिनिधिहरू र जीटीए अधिकारीहरू सहित एक महत्वपूर्ण बैठक सम्पन्न गरियो।

*बाइट*

*बैठकमा संयुक्त चालक संगठनले दार्जीलिङ क्षेत्रमा बाहिरी ट्याक्सीहरूले पर्यटकीय स्थलहरूमा 'साइट सिइङ्ग' सेवा सञ्चालन गरेको प्रति आपत्ति जनाउँदै यसलाई रोक्नुपर्ने प्रमुख माग अघि सारे। बैठकमा उठाइएका विषयहरूलाई समाधानका लागि जीटीए उपाध्यक्ष राजेश चौहानलाई जिम्मेवारी दिएको छ। यस विषयमा सहजीकरण गर्न आरटिओ दार्जीलिङ, एडीएम तथा ट्राफिक डीएसपीसमेतको समावेशमा एक सल्लाहकार समिति गठन गरिएको जानकारी गराइएको छ। सम्बन्धित समितिसँग आगामी दिनहरूमा थप छलफलका लागि बैठक बस्ने तयारी भइरहेको भए पनि मिति भने अहिलेसम्म निश्चित गरिएको छैन।*

**दवाईपानी**

दार्जीलिङ पुलबजार खण्ड अधीनस्थ दवाईपानी ग्राम पंचायतमा विहीबारको दिन ग्राम सभा साथै डस्टबीन वितरण कार्य सम्पन्न भयो। दवाईपानी ग्राम पंचायतका प्रधान अशोक मुखियाको अध्यक्षतामा सम्पन्न उक्त सभा पन्चायत सचिव प्रशान्त मुखियाले सन्चालन गरेका थिए। सभालाई क्रमशः एसटीपी सनी महतो, ई. ए. सुनिल चन्द्र छेत्री, उप प्रधान सुनिता तामाङ भोटिया अनि प्रधान अशोक मुखियाले सम्बोधन गरेका थिए।

**बिदाइ समारोह सम्पन्न**

अप्पर मामरिङ प्राथमिक विद्यालय तथा समाज सुधार समितिको संयुक्त आयोजनामा आज विद्यालयमा समर्पणपूर्वक सेवा प्रदान गर्दै आउनु भएकी शिक्षिका समिता राईलाई सम्मानपूर्वक बिदाइ गरियो। कार्यक्रममा विद्यालय परिवार, अभिभावक, स्थानीय बुद्धिजीवी, समाज सुधार समितिका पदाधिकारी एच. पी. सी. चर्चका पास्टर महेन्द्र मुखिया तथा विद्यार्थीहरूको विशेष उपस्थिति रहेको थियो। यसैबीच वक्ताहरूले समिता राईको सेवा, अनुशासन, शिक्षाप्रति समर्पण तथा विद्यार्थीमैत्री व्यवहारको प्रशंसा गर्दै उहाँको निस्वार्थ योगदानले विद्यालयलाई उल्लेखनीय प्रगति गर्न सहयोग पुगेको जनाएका थिए।

**बिजनबारी**

दार्जिलिङ पुलबजार खण्डको गोक दुई ग्राम पंचायतमा ग्राम सभा सम्पन्न गरियो। आज गोक दुई ग्राम पंचायत कार्यालयमा विभिन्न वाडको बिभिन्न योजनाहरुलाई लिएर बसिएको सभामा पंचायतका प्रशाशानीक अधिकारीहरुको साथमा सबै वाडका सदस्य लगायत प्रधान उप प्रधान लगायत पंचायत समितिको सदस्या मिरा लेप्चाको पनि उपस्थिति रहेको थियो जसमा आगमी सत्रमा गरिने बिभिन्न योजनाहरु बारेमा चर्चा गरियो।

**क्रिसमस**

मिरिक झील परिसरमा आगमी 20 दिसम्बरका दिन क्रिसमस महात्सत्व पालन गरिने भएका छ।मिरिकका सम्पूर्ण मण्डलीहरूका सयुक्त सहभागीतामा पालन गरिने कार्यक्रम बिहान 10 देखि 4 बजीसम्म चल्ने रिपोर्टमा उल्लेख गरिएको छ।

****** ० ******